# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## शाखा कार्यालय, वीरगंज

### धान कुटानी सम्बन्धी दरभाउपत्रको सूचना

**प्रकाशित मिति २०७७/०९/०७**

यस कार्यालयले खरिद गरेको र गर्दै जाने सोना मसुली धान र जिरा मसिनो धान कुटानी गर्नु पर्ने भएकोले स्थायी लेखा नं. वा मूल्य अभिबृद्धि कर मा दर्ता भएको इच्छुक फर्म संस्था वा कम्पनीले मात्र सहभागी हुने गरि आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र वा पून: २०७७/०७८ को लागि म्याद थप भएको प्रमाणपत्रको फोटोकपि, सम्वन्धित कारोवारको अनुभव पत्र र घोषणा पत्र संलग्न राखि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आहवान गरिन्छ।

१. कम्पनीको प्रधान कार्यालय खरिद विभाग र यस शाखा बीरगंजबाट फिर्ता नहुने गरी रु १०००।- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ।

२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनुपर्ने चामल तथा बोराको गुणस्तर र बुझाउनु पर्ने स्थान, धरौटी रकम, दरभाउपत्र दस्तुर निम्न तालिकामा तोकिए बमोजिम हुनेछ।

| सि. नं. | धानको प्रकार | कुटानी गर्नुपर्ने परिमाण (क्वी.) | धान कुटानी गरी बुझाउनु पर्ने चामल र बोराको गुणस्तर | बुझाउने स्थान | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | सोना मसुली धान | ३०००० | दरभाउपत्र सेटको अनुसुची १ बमोजिम चामल र अनुसुचि २ बमोजिम प्लाष्टिक बोरा बुझाउनु पर्ने | कम्पनीको गोदाममा | २,०२,५०० | १,०००।- |
| २ | जिरा मसिनो धान | ५००० | | | | |

नोट :- माथि तोकिएको धानको परिमाण कम्पनीको आवश्यकता अनुसार थपघट हुन सक्नेछ। सो भएमा सोही अनुसार कुटानी गर्नुपर्ने छ।

३. दरभाउपत्र दाताले सम्पूर्ण कर सहित लिने कुटानी ज्याला तथा संस्थानले बुझाएको धानको प्रतिलब्धि चामल कवोल गर्नुपर्ने छ।

४. दरभाउ दाताले दरभाउपत्रमा तोकिए बमोजिमको धरौटी रकम यस कम्पनीको श्री नेपाल बैंक लि. श्रीपूर शाखा वीरगंजमा रहेको च.हि.नं. ०४९००१००३१४७५३००००१ जम्मा गरेको सक्लै भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कम्पनीको नाउमा जारी भएको नियमानुसारको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ।

५. यो सूचना प्रकाशित मितिले १५ औं दिन अर्थात २०७७०९।२१ सम्म दरभाउपत्र खरिद गरि दरभाउ दाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वकको सहिछाप तथा शिलबन्दी गरि १६ औं दिन अर्थात २०७७०९।२२ गते, दिउसो १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। समय नाघि आएको दरभाउपत्र स्वीकार गरिने छैन। पेश हुन आएका दरभाउपत्र सोही दिन अर्थात २०७७०९।२२ गते दिउसो २:०० बजे यस शाखा कार्यालयमा खोलिने छ।

६. स्वीकृत दरभाउपत्र दाताले स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियामानुसार कार्य सम्पादन जमानत पेश गरि सम्झौता गर्नुपर्ने छ। निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ।

७. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुने छ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनी तथा प्राथमिक खरिद कमिटिमा सुरक्षित रहने छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
शाखा कार्यालय वीरगंज।
फोन नं. ०५१-५२२८५५